राजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७) गंगदी, दाङ, असार २९ गते, २०८० साल (संख्याः २

## भाग-२

## राजपुर गाउँपालिकाद्वारा प्रकाशित

# स्वास्थ्य तर्फका करार सेवाका कर्मचारीहरुको ब्यवस्थापन सम्वन्धी मापदण्ड, २०८०

यस राजपुर गाउँपालिका भित्रका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत स्वास्थ्यकर्मीहरुको उपयुक्त तवरले सेवा शर्त र सुविधामा थप गरी मनोबलमा बृद्धी गर्ने, खोला/नाका र दुर्गम क्षेत्र लगायत अन्य स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई दीगो र भरपर्दो बनाउन यो मापदण्ड बनाई लागू गरिएको छ ।

१. आधारभूत स्वास्थ्य सेवाको पहुँचलाई छिटो छरितो सरल र सहज बनाउन रिक्त रहेका अस्थायी करार तर्फका दरवन्दीहरुमा बिज्ञापन गरी अविलम्ब पदपूर्ति गरिनेछ ।

२. रिक्त रहेको स्थायी दरवन्दीमा सेवा करारबाट पदपूर्ति गरिएकोमा सो दरवन्दीमा स्थायी पदपूर्ति भएमा स्वतः सेवा करार समाप्त हुनेछ ।

३. **दुर्गम क्षेत्र बर्गिकरण**

स्वास्थ्य संस्थाको पहुँच, दुरी र बिकटलाई मध्यनजर गरी तपसिल बमोजिमको क्षेत्र निर्धारण गरिएको छ ।

| क्र.सं. | वडा नं. | अतिदुर्गम (क) | दुर्गम (ख) | सामान्य (ग) |
|---|---|---|---|---|
| १. | १ | पटौली नाका(कख) | गुरुङखोला (खक) | कठबेरुवा (गख) |
| २. | २ | - | - | पवित्रनगर (गग) |
| ३. | ३ | - | - | प्रतापपुर (गख) |
| ४. | ४ | - | - | फोहरा (गख) |
| ५. | ५ | - | - | जँग्रहवा (गख) |
| ६. | ६ | खाँग्रा नाका (कग) | - | राजपुर (गक) |
| ७. | ७ | भैसाही (कक)<br>डगमारा (कक) | गोठुवा (खक)<br>सिक्टा (खख) | - |

४. **स्वास्थ्यकर्मीको खटन पटन**

क) हाल अनुसूची १ मा उल्लेखित स्वास्थ्यकर्मीहरुलाई सम्वन्धित स्वास्थ्य संस्थामा १ बर्ष वा सो भन्दा बढी सेवा गरेमा निजहरुको ईच्छा र यस मापदण्ड बमोजिम रिक्त रहेको स्वास्थ्य संस्थामा कामकाज गर्न खटाईनेछ ।

ख) 'क'क्षेत्रमा काम गरेका स्वास्थ्यकर्मीहरुलाई कम्तिमा १ बर्ष सेवा गरेमा 'ग' र 'ख' मा प्राथमिकताक्रमका आधारमा कामकाज गर्न खटाईने छ र 'ग'क्षेत्रमा काम गरेका स्वास्थ्यकर्मीहरुलाई 'क'क्षेत्रमा रिक्त रहेको स्थानमा जेष्ठताको आधारमा कनिष्ठलाई खटाईने छ तर क क्षेत्रमा रिक्त नभएमा ख क्षेत्रमा खटाईनेछ । यसरी खटाउँदा प्राथमिकता क्रम'कक', 'कख', 'कग', 'खक', 'खख', 'खग', 'गक', 'गख' र 'गग'लाई क्रमशः आधारको रुपमा लिईनेछ।

५. **स्वास्थ्यकर्मीलाई थप सेवा सुविधा**

क) 'क' क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीलाई मासिक तलबमानमा रु.२०००/- थप प्रदान गरिनेछ।

ख) 'खक' क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीलाई मासिक तलबमानमा रु.१०००/- थप प्रदान गरिनेछ ।

ग) 'खख' क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीलाई मासिक तलबमानमा रु.५००/- थप प्रदान गरिनेछ।

**६. औषधि ढुवानी गर्दा प्रदान गरिने थप सुविधा**

क) 'कक', 'कख' क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुले औषधि तथा भ्याक्सिन ढुवानी गर्दा ढुवानीकर्तालाई प्रत्येक पटकमा रु.१५००/- प्रदान गरिनेछ ।

ख) 'कग' क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुले औषधि तथा भ्याक्सिन ढुवानी गर्दा ढुवानीकर्तालाई प्रत्येक पटकमा रु.१३००/- प्रदान गरिनेछ ।

ग) 'खक' क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुले औषधि तथा भ्याक्सिन ढुवानी गर्दा ढुवानीकर्तालाई प्रत्येक पटकमा रु.१०००/- प्रदान गरिनेछ ।

घ) 'खख' क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुले औषधि तथा भ्याक्सिन ढुवानी गर्दा ढुवानीकर्तालाई प्रत्येक पटकमा रु.६००/- प्रदान गरिनेछ ।

ङ) 'ग' क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुले औषधि तथा भ्याक्सिन ढुवानी गर्दा ढुवानीकर्तालाई प्रत्येक पटकमा रु.५००/- प्रदान गरिनेछ ।

**७. लागू हुने**

क) स्वास्थ्य तर्फका करार सेवाका कर्मचारीहरुको ब्यवस्थापन सम्वन्धी मापदण्ड २०८० श्रावण १ गतेदेखि लागू हुने छ ।

ख) अन्य ब्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**८. बाधा अडकाउ फुकाउने अधिकारः**

यस मापदण्ड कार्यान्वियन गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउने छ ।

**९. खारेजी र बचाउ**

(क) स्वास्थ्य तर्फका करार सेवाका कर्मचारीहरुको ब्यवस्थापन सम्वन्धी यस पूर्व गाउँ कार्यपालिकाले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ।
(ख) यस मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूची – १

| क्र.सं. | स्वास्थ्यकर्मीहरुको नाम | पद | हाल कार्यरत संस्था | कार्य अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | शिव प्रसाद यादव | अ.हे.ब. | सामुदायिक स्वास्थ्य इकाई भैसाही नाका | ३ बर्ष | |
| २. | सुन्तली चौधरी | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई भैसाही नाका | ३ बर्ष | |
| ३. | आशा कुमारी चौधरी | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई भैसाही नाका | ३ बर्ष | |
| ४. | सोहनलाल यादव | अ.हे.ब. | सामुदायिक स्वास्थ्य इकाई डगमारा नाका | ३ बर्ष | |
| ५. | | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई डगमारा नाका | | रिक्त |
| ६. | श्याम कुमारी चौधरी | अ.हे.ब. | सामुदायिक स्वास्थ्य इकाई गोठुवा | ६ महिना | |
| ७. | गिता कुमारी केसी | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई गोठुवा | ३ बर्ष | |
| ८. | खुमा वली | अ.हे.ब. | सामुदायिक स्वास्थ्य इकाई सिक्टा | ३ बर्ष | |
| ९. | | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई सिक्टा | | रिक्त |
| १० | नेपाल चौधरी | अ.हे.ब. | सामुदायिक स्वास्थ्य इकाई खाँग्रा नाका | ३ बर्ष | |
| ११ | नीमा पाण्डे | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई खाँग्रा नाका | ३ बर्ष | |
| १२ | सविता गुरुङ | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई पटौलीनाका | ३ बर्ष | |
| १३ | कमला घर्ती | अ.न.मी. | राजपुर स्वास्थ्य चौकी | ३ बर्ष | |
| १४ | मन्जु चौधरी | अ.न.मी. | राजपुर स्वास्थ्य चौकी | ३ बर्ष | |
| १५ | | अ.हे.ब. | आधारभूत स्वास्थ्य सेवा केन्द्र जँग्रहवा | | रिक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | सोनामी सिं भण्डारी | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र जँग्रहवा | ३ बर्ष | |
| १७ | सरस्वती केसी | अ.हे.ब. | आधारभूत स्वास्थ्य सेवा केन्द्र फोहरा | ६ महिना | |
| १८ | दिका चौधरी | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र फोहरा | ३ बर्ष | |
| १९ | नन्दा केसी | अ.न.मी. | बेला स्वास्थ्य चौकी | ३ बर्ष | |
| २० | अमृता चौधरी | अ.न.मी. | बेला स्वास्थ्य चौकी | ३ बर्ष | |
| २१ | सर्मिला बाठा | अ.हे.ब. | आधारभूत स्वास्थ्य सेवा केन्द्र पवित्रनगर | ३ बर्ष | |
| २२ | अमृता बस्नेत | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र पवित्रनगर | ३ बर्ष | |
| २३ | केदार बुढाथोकी | अ.हे.ब. | आधारभूत स्वास्थ्य सेवा केन्द्र गुरुङखोला | ३ बर्ष | |
| २४ | सरिता कुमारी चौधरी | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र गुरुङखोला | ३ बर्ष | |
| २५ | लक्ष्मण यादव | अ.हे.ब. | सामुदायिक स्वास्थ्य इकाई पटौलीनाका | ३ बर्ष | |
| २६ | सविता गुरुङ | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई पटौलीनाका | ३ बर्ष | |
| २७ | | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाई पटौलीनाका | | रिक्त |

प्रमाणिकरण मितिः २०८०।०३।२७

**आज्ञाले,**

**विष्णु प्रसाद पाण्डेय**

**प्रमुख प्रशासकीय अधिकृत**